# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

*(आर्थिक वर्ष २०६०/६१ को वार्षिक तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

भाद्र २०६१

# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

*(आर्थिक वर्ष २०६०/६१ को बार्षिक तथ्याङ्कमा आधारित)*


<u>मुख्य बुँदाहरु</u>

- आर्थिक वर्ष २०६०/६१ मा संकुचित एवं विस्तृत मुद्रा प्रदाय दुवैमा बृद्धि भएको छ।
- बैङ्किग क्षेत्रबाट श्री ५ को सरकारलाई गएको कर्जा घटेको छ।
- मुद्रा बजारमा ट्रेजरी विल्सको ब्याजदर घटेको छ।
- धितोपत्र बजारको कारोवारमा बृद्धि भएको फलस्वरुप नेप्से परिसूचकाङ्क बढेको छ।
- नगद प्रवाहमा आधारित कुल सरकारी खर्च बढेको छ।
- कुल खर्चको तुलनामा गैर-ऋण साधनको वृद्धि उच्च दरले भएको कारण बजेट घाटा घटेको छ।
- विन्दुगत आधारमा मूल्य सूचकाङ्कको वृद्धिदर न्यून रहेको छ।
- आयात कम दरले बढेको कारण व्यापार घाटाको बृद्धिदरमा कमी आएको छ।
- वैदेशिक अनुदान तथा खुद सेवा आय उच्च दरमा वृद्धि भएको कारण चालु खाता बचतमा रहेको छ।
- चालु खातामा पर्याप्त बचत रहेको, बैदेशिक ऋण तथा विविध पूँजी आप्रवाहमा उच्च दरले वृद्धि भएको कारण शोधनान्तर स्थिति नेपालको पक्षमा रहेको छ।
- कुल विदेशी विनिमय संचिति रु.१ खर्ब २९ अर्ब ८७ करोड पुगेको छ जुन ११.२ महिनाको वस्तु आयात वा ९.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

**मौद्रिक स्थिति**

आर्थिक वर्ष २०६०/६१ मा खुद आन्तरिक सम्पत्तिको वृद्धिदरमा कमी आएको भए तापनि खुद वैदेशिक सम्पत्ति उत्साहप्रद रुपमा वृद्धि भएकोले विस्तृत मुद्रा प्रदाय अघिल्लो वर्षको ९.८ प्रतिशत बृद्धिको तुलनामा १३.५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७९ अर्ब १३ करोड पुगेको छ। विस्तृत मुद्रा प्रदायका दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय १२.६ प्रतिशतले बढेर रु. ९४ अर्ब २९ करोड पुगेको छ। संकुचित मुद्रा प्रदाय अघिल्लो वर्ष ८.६ प्रतिशतले वृद्धि भएको थियो। विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप आर्थिक वर्ष २०६०/६१ मा १४.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८४ अर्ब ८३ करोड पुगेको छ। अघिल्लो वर्ष आवधिक निक्षेप १०.४ प्रतिशतले वृद्धि भएको थियो। बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति ( विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) आर्थिक वर्ष २०५९/६० मा ४.९ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ मा १८.१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९ अर्ब ३४ करोड पुगेको छ। बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा अघिल्लो आर्थिक वर्ष १०.२ प्रतिशतले वृद्धि भएको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा ८.८ प्रतिशतले बृद्धि भई रु. २ खर्ब ४८ अर्ब ४९ करोड पुगेको छ। बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा आर्थिक वर्ष २०५९/६० मा १३.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ म पनि १३.३ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ७१ अर्ब ५ करोड पुगेको छ। कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारतर्फ गएको कर्जा ३.१ प्रतिशतले घटेको कारण मौद्रिक क्षेत्रबाट प्रवाहित कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारतर्फ गएको कर्जाको अंश २०६० आषाढ महिनामा २७.५ प्रतिशत रहेकोमा २०६१


आषाढ महिनामा २४.५ प्रतिशतमा झरेको छ । सोही अनुसार, निजी क्षेत्रतर्फ प्रवाहित बैंक कर्जाको अनुपात २०६० आषाढ मसान्तको ६६.१ प्रतिशतबाट २०६१ आषाढ मसान्तमा ६८.८ प्रतिशत पुगेको छ। २०६० आषाढ महिनामा २.९८ प्रतिशत रहेको ९१ दिने ट्रेजरी विल्सको औसत व्याजदर २०६१ आषाढ महिनामा १.४७ प्रतिशतमा झरेको छ।




## सरकारी वित्त स्थिति

नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६०/६१ मा कुल सरकारी खर्च ९.१ प्रतिशतले वृद्धि भई रु. ७९ अर्ब ७० करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० मा भने सरकारी खर्च २.० प्रतिशतले मात्र बढेको थियो । अघिल्लो आर्थिक वर्षमा ऋणात्मक बृद्धिदर रहेको बिकास तथा फ्रिज खर्च आर्थिक वर्ष २०६०/६१ मा उच्च दरले बृद्धि भएकोले कुल सरकारी खर्च बढेको छ । कुल सरकारी खर्चमध्ये साधारण खर्च अघिल्लो आर्थिक वर्ष १३.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ४.९ प्रतिशतले वृद्धि भई रु. ५७ अर्ब ४१ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० मा २२.१ प्रतिशतको उच्च दरले ह्रास आएको बिकास खर्च आर्थिक वर्ष २०६०/६१ मा विकास निर्माण कार्यमा केही तीव्रता आएको कारण २१.९ प्रतिशतले वृद्धि भई रु. २० अर्ब ६६ करोड पुगेको छ । फ्रिज खर्च आर्थिक वर्ष २०५९/६० मा १२.५ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०/६१ मा १८.३ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ६२ करोड पुगेको छ।

आर्थिक वर्ष २०५९/६० मा १३.६ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) आर्थिक वर्ष २०६०/६१ मा १३.२ प्रतिशतले वृद्धि भई रु. ६८ अर्ब ४७ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व आर्थिक वर्ष २०५९/६० मा ११.५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा १०.७ प्रतिशतले वृद्धि भई रु. ६२ अर्ब २७ करोड पुगेको छ। बाह्य अनुदान आर्थिक वर्ष २०५९/६० मा रु. २ अर्ब ५० करोड प्राप्त भएकोमा आर्थिक वर्ष २०६०/६१ मा रु. ५ अर्ब १६ करोड प्राप्त भएको छ। गैर-बजेटरी आय भने आर्थिक वर्ष २०५९/६० मा रु. १ अर्ब ६१ करोड प्राप्त भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ४७.४ प्रतिशतले घटेर रु. ८४ करोड मात्र प्राप्त भएको छ।




कुल सरकारी खर्चभन्दा गैर-ऋण साधन (Non-debt Creating Resources) को वृद्धिदर केही बढी रहेकोले आर्थिक वर्ष २०६०/६१ मा बजेट घाटा १०.७ प्रतिशतले ह्रास आई रु. ११ अर्ब २३ करोडमा सीमित रहेको छ। आर्थिक वर्ष २०५९/६० को यस अवधिमा रु. १२ अर्ब ५८ करोडको बजेट घाटा भएको थियो । बजेट घाटा पूर्ति गर्ने क्रममा आन्तरिक श्रोतबाट रु. ५ अर्ब ६१ करोड र बाह्य श्रोतबाट रु. ७ अर्ब ६९ करोड गरी जम्मा रु. १३ अर्ब ३० करोड ऋण परिचालन भएको छ । उक्त रकमबाट उपरोक्त बजेट घाटा पूर्ति गर्नुको अतिरिक्त सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा रु. ३५ करोड पूर्ति गरी बाँकी रकम रु. १ अर्ब ७३ करोड श्री ५ को सरकारको खातामा बचत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रु. ४६ करोड श्री ५ को सरकारको खातामा बचत रहेको थियो ।

### मूल्य स्थिति

देशको मुद्रास्फीति (शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वार्षिक औषत वृद्धि दरको आधारमा) आर्थिक बर्ष २०६०/६१ मा ४.० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०५९/६० मा मुद्रास्फीतिको दर ४.८ प्रतिशत रहेको थियो । आर्थिक बर्ष २०६०/६१ मा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ३.३ प्रतिशतले र गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ४.७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर क्रमशः ४.४ प्रतिशत र ५.० प्रतिशत रहेको थियो । आर्थिक बर्ष २०६०/६१ म खाद्यान्न वालीको उत्पादन तथा आपूर्ति स्थिति सुदृढ रहेको कारण आर्थिक बर्ष २०५९/६० को तुलनामा मूल्य सूचकाङ्क कम दरले बृद्धि भएको छ। वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ आषाढमा २.० प्रतिशतले मात्र बढन गएको छ। २०६० आषाढमा यस्तो वृद्धिदर ६.१ प्रतिशतले रहेको थियो। समूहगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १.९ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर ५.२ प्रतिशत रहेको थियो। आर्थिक बर्ष २०६०/६१ मा चिनी तथा चिनीजन्य पदार्थ (२०.३ प्रतिशतले), माछा, मासु तथा फुल (९.४ प्रतिशतले), तरकारी तथा फलफूल (७.२ प्रतिशतले), मरमसला (४.१ प्रतिशतले), दलहन (२.३ प्रतिशतले) को मूल्य अघिल्लो आर्थिक बर्षको तुलनामा बढी दरले बृद्धि भएको भएतापनि खाद्यान्न र पेय पदार्थको मूल्य घटेको तथा तेल तथा घ्यू (२.६ प्रतिशतले), रेष्टुरांको खाना (१.८ प्रतिशत) र दूध तथा


दुग्ध पदार्थ (०.९ प्रतिशत) को मूल्य अघिल्लो आर्थिक बर्षको तुलनामा न्यून दरले वृद्धि भएको कारण यस समूहको मूल्य सूचकाङ्क आर्थिक बर्ष २०६०/६१ मा कम दरले वृद्धि हुन गएको हो । गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क २०६० आषाढमा ६.९ प्रतिशतले बढेकोमा २०६१ आषाढमा २.३ प्रतिशतले मात्र बढ्न गएको छ । औषधी तथा व्यक्तिगत हेरचाह र लत्ता कपडाको मूल्य आघिल्लो आर्थिक बर्षको तुलनामा बढीदरले बृद्धि भएतापनि यातायात तथा संचार उपसमूह र जुत्ता चप्पलको मूल्यमा ह्रास आएको तथा शिक्षा तथा मनोरंजन, सूर्ती तथा सूर्तिजन्य वस्तुहरु घरायसी सामान तथा सेवाको मूल्यमा अघिल्लो आर्थिक बर्षको तुलनामा कम दरले बृद्धि भएको कारण यस समूहको मूल्यमा न्यून दरले बृद्धि भएको हो । क्षेत्रगत आधारमा वार्षिक बिन्दुगत रुपमा २०६१ आषाढमा काठमाडौं उपत्यकामा ४.६ प्रतिशतले तथा तराई र पहाड दुबै क्षेत्रमा १.० प्रतिशतले मूल्य वृद्धि भएको छ । अघिल्लो वर्ष यी क्षेत्रहरुमा क्रमशः ५.२ प्रतिशत, ६.८ प्रतिशत र ५.४ प्रतिशतले मूल्य बृद्धि भएको थियो ।

राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक औषत वृद्धिदर आर्थिक बर्ष २०६०/६१ मा ४.१ प्रतिशत रहेको छ । आर्थिक बर्ष २०५९/६० मा यस्तो वृद्धिदर ३.८ प्रतिशत रहेको थियो । समूहगत रुपमा आयातीत वस्तुहरु (६.२ प्रतिशत) , स्वदेशमा उत्पादित औद्योगिक वस्तुहरु (५.६ प्रतिशत) र कृषि सम्बन्धी वस्तुहरु (२.१ प्रतिशत) को मूल्यमा वृद्धि भएको छ । राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६० आषाढको तुलनामा २०६१ आषाढमा ४.८ प्रतिशतले बढेको छ । अघिल्लो बर्ष यस्तो वृद्धिदर ६.१ प्रतिशत रहेको थियो ।

**वैदेशिक व्यापार**

आर्थिक वर्ष २०६०/६१ मा कुल निर्यात ५.६ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्ष कुल निर्यात ६.४ प्रतिशतले बृद्धि भएको थियो । अघिल्लो आर्थिक वर्ष ५.५ प्रतिशतले ह्रास आएको भारततर्फको निर्यात आर्थिक वर्ष २०६०/६१ मा १८.२ प्रतिशतले वृद्धि भई रु. ३१ अर्ब २४ करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने आर्थिक वर्ष २०६०/६१ मा ८.६ प्रतिशतले ह्रास भई रु. २१ अर्ब ४८ करोडमा सीमित रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो निर्यातमा २३.८ प्रतिशतले वृद्धि भएको थियो । प्रमुख निर्यातजन्य वस्तुहरुमध्ये ऊनी गलैचा, दाल, हस्तकलाका सामान, गरगहना र प्रशोधित छालाको निर्यात बढे तापनि ठूलो आयतन भएको तयारी पोशाकको निर्यातमा (१९.७ प्रतिशत) र पशिमनामा ८.१ (प्रतिशत) ले ह्रास आएकोले आर्थिक वर्ष २०६०/६१ मा अन्य मुलुकतर्फको निर्यात घटेको हो ।

आर्थिक वर्ष २०५९/६० मा १५.८ प्रतिशतले वृद्धि भएको कुल आयात आर्थिक वर्ष २०६०/६१ मा ११.९ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ३९ अर्ब १४ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्ष २५.३ प्रतिशतले वृद्धि भएको भारतबाट भएको आयात आर्थिक वर्ष २०६०/६१ मा १५.१ प्रतिशतले बृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात अघिल्लो आर्थिक वर्ष ५.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ७.६ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०६०/६१ मा भारतबाट मुख्यतया एम.एस. बिलेट, दाल, गहुँ, यातायातका साधन, औद्योगिक रसायन, रासायनिक मल, पेट्रोलियम पदार्थ, औषधि, एम. एस. वायर रड, कोल्ड रोल्ड सिट, अन्य यन्त्र तथा पूर्जा आदि वस्तुहरुको र अन्य मुलुकहरुबाट खाद्य तेल, सुपारी, धागो, जिंक इंगट, स्टील सीट, तामाको तार तथा पाता, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, हवाई जहाजका पार्टपूर्जा, टायर तथा ट्यूव, श्रृगारका सामान, अन्य यन्त्र तथा पूर्जाहरु, कच्चा ऊन, प्लाष्टिक दाना, रासायनिक मल, कृषि सम्बन्धी उपकरण, दूरसंचारका उपकरण तथा पूर्जा आदि वस्तुहरुको आयात बढेको छ ।




आर्थिक वर्ष २०५९/६० मा २३.१ प्रतिशतले वृद्धि भएको कुल व्यापार घाटा आर्थिक वर्ष २०६०/६१ मा १६.१ प्रतिशतले वृद्धि भई रु. ८६ अर्ब ४२ करोड पुगेको छ । भारतसंगको व्यापार घाटा आघिल्लो आर्थिक वर्ष ५५.२ प्रतिशतको उच्च दरले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा १३.३ प्रतिशतले मात्र वृद्धि भएको छ । अन्य मुलुकतर्फको व्यापार घाटा भने आघिल्लो आर्थिक वर्ष ५.८ प्रतिशतले ह्रास भएकोमा आर्थिक वर्ष २०६०/६१ मा २०.३ प्रतिशतको उच्च दरले बृद्धि भएको छ । परिणामस्वरुप, आघिल्लो आर्थिक वर्ष ४०.२ प्रतिशत रहेको निर्यात/आयात अनुपात आर्थिक वर्ष २०६०/६१ मा ३७.९ प्रतिशतमा झरेको छ । भारततर्फको निर्यात/आयात अनुपात अघिल्लो आर्थिक वर्ष ३७.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा ३८.३ प्रतिशत र अन्य मुलुकतर्फको यस्तो अनुपात अघिल्लो आर्थिक वर्ष ४४.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा ३७.४ प्रतिशतमा झरेको छ ।


## शोधनान्तर स्थिति

आर्थिक वर्ष २०६०/६१ को प्रथम एघार महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा कुल निर्यात तथा कुल आयात दुवैमा वृद्धि भएको भए तापनि आयातको आयतन ठूलो भएको तथा वृद्धिदर पनि अधिक रहेकोले कुल व्यापार घाटा १३.१ प्रतिशतले वृद्धि भई रु. ७१ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्ष यसै अवधिमा व्यापार घाटा ३३.३ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा सेवा आय २६.० प्रतिशतले वृद्धि भएको भए तापनि सेवा भुक्तानी पनि २७.२ प्रतिशतले वृद्धि भएकोले वस्तु तथा सेवा क्षेत्रको समग्र घाटा १२.० प्रतिशतले वृद्धि भई रु. ६३ अर्ब ६४ करोड पुगेको छ । त्यस्तै अघिल्लो आर्थिक वर्षको तुलनामा आय शीर्षकतर्फको प्राप्ती २५.३ प्रतिशतले घटेकोले वस्तु, सेवा तथा आय क्षेत्रको सुमग्र घाटा १४.३ प्रतिशतले वृद्धि भई रु. ६५ अर्ब ७२ करोड पुगेको छ । तथापि विदेशी अनुदानमा उल्लेख्य वृद्धि भएको र निजी क्षेत्रको विप्रेषण पनि बढेको कारण यस अवधिमा चालु खातामा रु. १५ अर्ब ९७ करोड बचत भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रु. ११ अर्ब ६३ करोडले चालु खाता बचत रहेको थियो । वित्तीय खाता ऋणात्मक रहे तापनि चालु खाता बचत अधिक रहेकोले आर्थिक वर्ष २०६०/६१ को पहिलो एघार महिनामा रु. १४ अर्ब ७५ करोडको शोधनान्तर बचत भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रु. २ अर्ब ४९ करोडको

शोधनान्तर बचत भएको थियो । मौद्रिक तथ्याङ्क अनुसार अघिल्लो आर्थिक वर्षको अन्त्यमा रु. ४ अर्ब ३६ करोड शोधनान्तर बचत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा रु. १६ अर्ब ५१ करोडको शोधनान्तर बचत भएको छ ।

## विदेशी विनिमय संचिति

२०६१ आषाढ मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब २९ अर्ब ८७ करोड पुगेको छ । यसमध्ये परिवर्त्य संचिति रु. १ खर्ब १६ अर्ब ६४ करोड रहेको छ । २०६० आषाढको तुलनामा परिवर्त्य संचिति २०.२ प्रतिशतले र अपरिवर्त्य संचिति १७.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक बर्ष परिवर्त्य संचिति २०.८ प्रतिशतले वृद्धि भएको थियो भने अपरिवर्त्य संचिति ५६.१ प्रतिशतले घटेको थियो । २०६१ आषाढमा कुल संचितिमा परिवर्त्य संचितिको अंश ८९.८ प्रतिशत र अपरिवर्त्य संचितिको अंश १०.२ प्रतिशत रहेको छ । २०६० आषाढमा यस्तो अंश क्रमशः ८९.६ प्रतिशत र १०.४ प्रतिशत थियो । रोजगारीका लागि बिदेश गएका नेपाली कामदारहरुबाट प्राप्त बिप्रेषणको आप्रवाह उल्लेख्य रहेको, वैदेशिक ऋण र अनुदान सहयोग बढेको तथा पेट्रोलियम पदार्थको आयात पूर्णतः अपरिवर्त्य मुद्राको भुक्तानीबाट भएकोले आर्थिक वर्ष २०६०/६१ मा परिवर्त्य संचितिको अंश उल्लेख्य दरले बढेको हो । कुल संचितिमा वृद्धि भएको फलस्वरुप अघिल्लो आर्थिक वर्षको १२ महिनाको आयातलाई आधारमान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तर ११.२ महिनाको वस्तु आयात र ९.२ महिनाको वस्तु र सेवा आयात धान्न पर्याप्त रहेको छ ।




## शेयर बजार गतिविधि

धितोपत्र बजारमा आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा संख्यात्मक तथा रकमगत कारोवार दुवै वृद्धि भएको छ । कारोवार भएको शेयर संख्या २०६१ आषाढमा ७ लाख ९० हजार पुगेको छ भने कारोवार रकम रु. २५ करोड ५५ लाख पुगेको छ । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २०६० आषाढको तुलनामा २०६१ आषाढमा १७.६ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ४३ करोड पुगेको छ । यसै गरी अघिल्लो आर्थिक वर्ष २०४.८६ रहेको नेप्से परिसूचकाङ्क आर्थिक वर्ष २०६०/६१ मा १७.१८ विन्दु (८.४ प्रतिशत) ले वृद्धि भई २२२.०४ पुगेको छ ।

***